# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८३।०३।१५ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

आर्थिक वर्ष २०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नयाँ पर्यटन गन्तव्य पहिचान गरी विकास गर्ने उद्देश्यले स्थानीय तहमा विनियोजन गरेको बजेटबाट जिल्ला बझाङ छवीसपाथिभेरा गाउँपालिका वडा नं. ६ स्थित बाँठपाली मन्दिर निर्माणयोजनाका लागि निकासा भएको रकम हिनामिना गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट जिल्ला बझाङ छविसपाथिभेरा गाउँपालिका वडा नं. ०६ स्थित श्री बाँठपाली देवता मन्दिर निर्माण गर्नको लागि रू.४५,००,०००/— दुर्गाथली गाउँपालिकालाई विनियोजन भई उपभोक्ता समिति गठन, प्राविधिक मूल्याङ्कन तथा अनुगमन समिति छविसपाथिभेरा गाउँपालिकाबाट सम्पन्न गर्ने र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको बजेट तथा कार्यक्रम सहितको पत्रबमोजिम निकासा लिने, खर्च गर्ने, लेखा राख्ने, लेखापरीक्षण गराउने र बेरूजु फछ्र्यौट समेतको जिम्मेवारी दुर्गाथली गाउँपालिकालाई दिएको देखिएको, यसरी स्वीकृत लागत अनुमान रू.५६,०७,८९७/८० मध्ये उपभोक्ता सहभागिता (Community contribution) रू.११,०७,८९७/८०, Contingency तर्फ रू.२,२५,०००/— र नेपाल सरकार/सार्वजनिक संस्थाको बजेट रू.४५,००,०००/- रहेको र उक्त निर्माण कार्य मिति २०७६।०३।२५ गते सम्ममा कार्य सम्पन्न गर्ने गरी श्री बाँठपाली देवता मन्दिर निर्माण समितिसँग मिति २०७५।१२।२६ गते सम्झौता भई निर्माण कार्य गर्दा गराउँदा दुर्गाथली गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत मकर बहादुर मण्डेल, छबिसपाथीभेरा गाउँपालिका बझाङका तत्कालीन उपाध्यक्ष राधिका कुमारी रताला समेतका प्रतिवादीहरूको आपसी मिलेमतो तथा संलग्नतामा आफूसमेतलाई गैरकानुनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्थालाई हानि पुऱ्याउने बदनियतले बाँठपाली देवता मन्दिर निर्माणसमेतको कार्यमा वास्तविक भए गरेको भन्दा अस्वाभाविक बढी काम भएको देखाई, अस्वभाविक दररेट राखी र सम्झौताबमोजिमको जनसहभागिता रकमसमेत कम कट्टा गरी गराई झुट्टा बिल भरपाईको आधारमा जम्मा रू.२२,०१,६६५/-(बाइस लाख एक हजार छ सय पैंसट्ठी रूपैयाँ) रकम बढी भुक्तानी दिए लिएको पुष्टि भएकोले उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि. नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | दुर्गाथली गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **मकर बहादुर मण्डेल**, लेखापाल **प्रेम प्रसाद पौडेल**, छविसपाथीभेरा | रू.२२,०१,६६५।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ग) र (ङ) बमोजिमको कसुरमा बिगो रू. बाइस लाख एक हजार छ सय पैंसट्ठी रुपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असूल उपर हुन तथा |

| | | | |
|---|---|---|---|
| | गाउँपालिकाका इन्जिनियर **हिक्मत रावल** र सवइन्जिनियर **बम बहादुर बोहरा** | | बदनियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई एवं नभए नगरेका कुरा देखाई प्रतिवेदन दिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ। |
| २. | छविसपाथिभेरा गाउँपालिकाका तत्कालीन उपाध्यक्ष **राधिका कुमारी रताला** र वडा नं. ६ का वडा अध्यक्ष **मोहन लाल वि.क.** | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | श्री बाँठपाली देवता मन्दिर निर्माण समितिका अध्यक्ष **कृष्ण बहादुर बुढा भन्ने कृष्ण बुढा**, सचिव **जय बहादुर बुढा** र कोषाध्यक्ष **मधुली देवी बुढा** | रू.२२,०१,६६५।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ लिने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारलाई बिगो रू. बाइस लाख एक हजार छ सय पैंसट्ठी रूपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुने सजायलाई आधारमानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांँश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने